नगेन्द्र बहादुर थापा
सशस्त्र प्रहरी नायब महानिरीक्षक
बाहिनीपति

नेपाल सरकार
गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल, नेपाल नं. १ बराह बाहिनी मुख्यालय, सुनसरी

## राष्ट्रियस्तरको बोलपत्र आह्वानको सूचना नं.१

visit Nepal 2020

**प्रथम पटक सूचना प्रकाशित मिति २०७६/०४/३१ गते ।**

१. आर्थिक वर्ष २०७६/०७७ मा सशस्त्र प्रहरी बल, नेपाल पूर्व क्षेत्रीय वर्कशप सकलपुर, मोरङ्गको लागि आवश्यक हुने तपशिलमा उल्लेखित सामानहरु शिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले योग्य बोलपत्रदाताहरुबाट आपूर्तिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | सामानको बिवरण | बोलपत्र फाराम दस्तुर रु. | बोलपत्र जमानत रु. | बोलपत्र को मान्य अवधी | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दाखिला खोल्ने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | विभिन्न सवारी साधनहरुका स्पेयर पार्टस । | ३,००० ।- | १,४८,६००।- | ९० दिन | २०७६/०५/२८ गते कार्यालय समय भित्र | २०७६/०५/२९ गते दाखिला-१२०० बजे भित्र खोल्ने -१४०० बजे | शिलबन्दी बोलपत्र |

२. बोलपत्रदाताले लिखित निवेदनमा रु.१०।- को टिकट टाँसी मू.अ.कर दर्ता प्रमाण पत्र/स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र, फर्म/संस्था वा कम्पनी दर्ता प्रमाणपत्र, आ.व.२०७५/०७६ को करचुक्ता प्रमाण पत्रहरुको प्रतिलिपी पेश गरेर मात्र यस सशस्त्र प्रहरी बल, नेपाल नं. १ बराह बाहिनी मुख्यालय, सुनसरी र कोष तथा लेखा नियन्त्रक कार्यालय ईनरुवा, सुनसरीमा माथि उल्लेखित रकम (फिर्ता नहुने गरी) बुझाई मिति २०७६।०५।२८ गते कार्यालय समय भित्र बोलपत्र सम्बन्धी कागजात खरिद गर्न सकिने छ ।

३. बोलपत्रदाताले बोलपत्र जमानत बापत माथि उल्लेखित रकममा नघटाई कोष तथा लेखा नियन्त्रक कार्यालय, ईनरुवा सुनसरीको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, ईनरुवामा रहेको धरौटी खाता नं. २२२०२०३००००००० यस बाहिनीको कोड नं. ३१४०५१४०१ मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबरको कुनै बाणिज्य बैंकबाट यस बाहिनीको नाममा जारी भएको कार्य प्रयोजन खुलाएको सक्कलै बोलपत्र जमानत पेश गर्नु पर्नेछ । बोलपत्र जमानतको मान्य अवधी बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना गर्दा कम्तीमा १२० दिनको हुनु पर्नेछ ।

४. बोलपत्र सम्बन्धी कागजात खरिद गर्ने अन्तिम दिन, दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा सो सम्बन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिने छ ।

५. यो सूचना सशस्त्र प्रहरी बल, नेपालको **website:www.apf.gov.np** बाट प्राप्त गर्न सकिनेछ साथै कार्यालय समय भित्र यस कार्यालयको फोन .न. ०२५- ४२१०५३ मा सम्पर्क गरी बोलपत्र सम्बन्धी थप जानकारी लिन सकिने छ ।

६. बोलपत्र पेश गर्नु पूर्व बोलपत्रदाताहरुको बैठक (Pre-Bid Metting) मिति २०७६/०५/२८ गते १३०० बजे सशस्त्र प्रहरी बल, नेपाल नं. १ बराह बाहिनी मुख्यालय, सुनसरीमा राखिएको छ ।

७. म्याद भित्र पेश भएका बोलपत्रहरु मिति २०७६/०५/२९ गते १४:०० बजे बोलपत्र खोलुवा समिति, आमन्त्रित सरकारी निकायका प्रतिनिधिहरु, सम्बन्धित बोलपत्रदाताहरु तथा निजहरुको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाता तथा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

८. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा बोलपत्र कागजातमा उल्लेख भए अनुसार एवं अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।